# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## मार्मा गाउँपालिका

### दार्चुला




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**


# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## मार्मा गाउँपालिका

### दार्चुला




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## मार्मा गाउँपालिका

### दार्चुला


**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,सुदूरपश्चिम प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं. ५३९ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
मार्मा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,
दार्चुला ।

**कैफियत सहितको राय**

हामीले मार्मा गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. २ करोड ४१ लाख ७९ हजार बेरुजु देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु. ४ हजार फछ्र्यौट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. २४ लाख ४९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ८ लाख ४ हजार, नियमित गर्नुपर्ने रु. २९ लाख ७१ हजार र पेश्की रू. ७९ लाख ५४ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु. ९ करोड १५ लाख ७४ हजार बेरुजु बाँकी रहेकोमा सम्परीक्षणबाट फर्स्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु. ४ करोड १६ लाख ८१ हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

मार्मा गाउँपालिका, दार्चुला

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३७ | २४ | २४१७९ | ० | १ | ४ | ३७ | २३ | २४१७५ | २४४९ | २९७१ | १०८०४ | ० | ० | १३७७५ | ७९५४ |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण (रु. हजारमा)

| क्र.सं. | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १. | ५५.१ | सहभागिता भत्ता बढी भुक्तानी | ४ |
| **जम्मा** | | | ४ |

## २. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मार्मा गाउँपालिका, दार्चुला | ९१५७४ | ० | ७४०६८ | १७५०६ | ० | २४१७५ | ४१६८१ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : मार्मा गाउँपालिका, दार्चुला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Ram Kumar Rana | २०७६-७-६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Keshab Singh Mahara | २०७६-११-९ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २,४१,७५,४५८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ९२,४७,३४०.०५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४२,४८,७९,७५३ | **चालु खर्च** | २८,४२,९४,०५९ |
| **प्रदेश सरकारबाट अनुदान** | २,१९,४७,००० | **पूँजीगत खर्च** | १३,५५,२४,७४३.८८ |
| **राजश्व बाँडफाँट** | ६,५७,८४,०३९.४७ | **वित्तीय/अन्य व्यवस्था** | १०,९९,२२,०५८.७७ |
| **आन्तरिक आय** | ५०,५४,२३८.१५ | | |
| **अन्य आय** | २,०१,२२,१७२.१३ | | |
| **कुल आय** | ५३,७७,८७,२०२.७५ | **कुल खर्च** | ५२,९७,४०,८६१.६५ |
| **बाँकी मौज्दात** | | १,७२,९३,६८१.१५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | महालेखा परिक्षकको कार्यालयको लेखापरीक्षण योजना २०७९ मन्त्रालयगत लेखापरीक्षण योजना र ईकाइगत लेखापरीक्षण योजना लगायत लेखापरीक्षण अनुवन्धपत्र, लिखित प्रतिनिधित्वपत्र लगायत पेश भएसम्मका अन्य विवरण समेतलाई आधारमानी लेखापारीक्षण सम्पन्न गरीएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरा प्रारम्भिक प्रतिवेदनमा समावेश गरिएको छैन ।लेखापरीक्षणवाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसंग २०७९।०५।१९ मा छलफल गरी कायम हुन आएका व्यहोरा निम्नानुसार छन् । | |
| २ | | | **परिचय**<br><br>स्थानिय नेतृत्त्वको विकास गर्दै स्थानिय शासन पद्धतिलाई सुदृढ गरी स्थानिय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अध्यासलाई संस्थागत गर्न स्थानिय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस मार्मा गाउँपालिकाको स्थापना भएको हो । स्थानिय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वयलाई प्रवद्धन गर्नु र स्थानिय सरकारका काममा जनसहभागिता, उत्तरदायित्त्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरिय सेवा प्रदान गर्नु मार्मा गाउँपालिकाको उद्देश्य रहेको छ। यस मार्मा गाउँपालिका अन्तरगत ६ वडा, ३६ गाउँसभा सदस्य तथा १४ हजार ९५६ जनसंख्या रहको छ। | |
| ३ | | | **असुली**<br><br>लेखापरीक्षणको संघिय सर्सत अनुदान फिर्ता गर्न बाँकी रु २३०५९७९०।५६ संघीय संचित कोषमा फिर्ता गरेको प्रमाण पेश भएको तथा बढी भुक्तानी भएको रु १५८७४९। असुल भई दाखिला भएको प्रमाण पेश भएको छ । | |
| ४ | | | **वित्तिय विवरण**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम पालिकालाई प्राप्त हुने सम्पूर्ण आयलाई संचितकोषमा आम्दानी बाध्नुपर्नेमा सिगासबाट सिधै खर्च भएको रु ६ करोड ५ लाख ३३ हजार संचितकोषमा आम्दानी बाधी वित्तिय विवरणमा समावेश गरेको छैन ।<br><br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ५ | | | **जिम्मेवारी फरक**<br><br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको कूल बैङ्क मौज्दात रु८८१३१७२।९७ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ९२४७३४०।०५ जिम्मेवारी सारेको देखियो। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ४३४१६७।०८ बढी जिम्मेवारी सारेको देखियो । जसले गर्दा गत वर्ष घटी मौज्दात कायम भएको देखियो । पालिकाले हिसाव विवरण तयार गरी आर्थिक कारोवारलाई व्यवस्थित र नियमित बनाउनु पर्दछ । | |
| ६ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । | • |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कार्यालय प्रमुखले अख्तियारी प्राप्त नभएका कर्मचारीहरुले ईन्धन वापतको रकम सिफरिस गर्ने गरेको तथा कार्यालय प्रमुखको स्वीकृति वेगर ईन्धन बाँड्ने गरेको ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेस्ता र बैंक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ-टीडिएस गरेको छैन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको देखिएन ।<br>• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भरपाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा १५ दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको छैन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा तर्जुमा गरेको देखिएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>• वडाहरु र नगरका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु संचालन गर्दा ( कृषि सामान खरिद, सोलार खरिद, फर्निचर खरिद लगायत) विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकीकृत प्याकेज बनाई मितव्ययी, प्रतिस्पर्धी र दक्षतापूर्ण ढङ्गबाट | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यान्वयन गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।<br>• महालेखापरीक्षकको कार्यालयवाट अन्तिम प्रतिवेदन तयार हुदा प्रकोप व्यवस्थापन कोषको कारोवारलाई अन्तिम मौज्दात राखेको देखिएको रु. १०९००००० मौज्दात नभएको पत्र समेत लेखापरीक्षणमा परीक्षण गर्दा सो रकम मौज्दात नभएको प्रमाणित गरिएको छ। | |
| ७ | | | **बजेट सीमा निर्धारण समिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले उल्लिखित समितिहरुको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ८ | | | **बजेट पेश, पारित र अख्तियारी**<br><br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री वागमति ठगुन्नाले मिति २०७८।०३।१० गते रु. ५० करोड ९७ लाख ३६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २०७८।०४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ९ | | | **बजेट तथा कार्यक्रम तर्जुमाः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| १० | | | **जनशक्ती व्यवस्थापन** | |
| १०.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म २२ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत सहित ९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्ती पूर्ण नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १०.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर गाउँपालिकाले विभिन्न पदमा ३३ जना कर्मचारीहरु करारमा राखि रु १०५८३०००। खर्च लेखेको छ । स्थानीय सेवा ऐन तर्जुमा गरी सोही अनुसार जनशक्ति व्यवस्थापन गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **अनुदान वितरण**<br><br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद गरी विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेख्ने गरेको छ । यस वर्ष पालिकाले ५ वटा फर्म/कृषक/लाभान्वित समूहलाई रु ३७५००००। अनुदान वितरण गरेको देखियो । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । यस वर्ष वितरित अनुदानको पालिकाबाट अनुगमन गरी अनुदान प्राप्त फर्म/लाभान्वित समूह/संस्थाको अभिलेखिकरण गरि राख्नु पर्दछ। | |
| १२ | | | **आयको अनुमान**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२३९५०००।आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु५०५४२३८। अर्थात अनुमान भन्दा १११ प्रतिशत बढी आय प्राप्त गरेको छ । पेश भएको विवरण अनुसार वालिचन निर्माण सेवा प्रा लि सँग डोजर भाडा वापतको रु १२६४५००। प्राप्त हुन बाँकी रहेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ ध्यान पुन्याउनु पर्ने देखिएको रु | १,२६४,५०० |
| १३ | | | **राजस्व अभिलेख**<br><br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाउँपालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो । | |
| १४ | | | **आन्तरिक आय**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><br>केन्द्रिय अनुदानबाट खर्च: ३७२१५४१६०; आन्तरिक आय: ५०५४२३८; आन्तरिक आय प्रतिशत: १.३५<br><br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.३५ प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १५ | | | **विभाज्य कोष**<br><br>प्रदेशको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडफाड गर्नुपर्दछ । | |
| १६ | | | **राजश्व दाखिला** | |

Table within item १४:

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३७२१५४१६० | ५०५४२३८ | १.३५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६को दफा २८ (२) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरि स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजस्व रकम दाखिला नगरेमा सम्बन्धित तालुक कार्यालयले १० दिन वा सो भन्दा वढी ढिला गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको १०प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ६ वटा वडा कार्यालय, विभिन्न शाखा तथा गाउँपालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| १७ | | | **अन्य कर**<br><br>सवारी कर : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७८।७९ मा गाउँपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभावकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । मनोरञ्जन कर : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७८।७९ मा गाउँपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस गाउँपालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । व्यवसाय कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । आर्थिक वर्ष २०७८।७९ मा गाउँपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । गाउँपालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| १८ | | | **चौमासिक खर्च** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गाउँपालिकाले स्वीकृत भएको कार्यक्रमको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय अनुसार छः
<table>
<tr><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च रु हजारमा</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td>चालु खर्चतर्फ</td><td>२८४२९४</td><td>५२९६६</td><td>७७२८९</td><td>१५४०३७</td><td>७६०६८</td></tr>
<tr><td>पूँजिगत खर्चतर्फ</td><td>१३५५२४</td><td>६८७३</td><td>४९८०३</td><td>७४४४७</td><td>३६०३५</td></tr>
<tr><td>जम्मा</td><td>४१९८१८</td><td>५९८३९</td><td>१२७०९२</td><td>२२८४८४</td><td>११२१०३</td></tr>
<tr><td>प्रतिशत</td><td></td><td>14.25</td><td>30.27</td><td>54.42</td><td>26.7</td></tr>
</table>
गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु ४१९८१८००० निकासा भएकोमा प्रथम चौमासिकमा रु..५९८३९०००। अर्थात १४.२५प्रतिशत, दोश्रो चौमासिकमा रु.१२७०९२०००। अर्थात ३०.२७ प्रतिशत र तेश्रो चौमासिकमा रु..२२८४८४०००। अर्थात ५४.४२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु..११२१०३०००। अर्थात २६.७ प्रतिशत खर्च देखिनुले अषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थितिः<br><br>पालिकाबाट यो वर्ष भएको क्षेत्रगत कार्यक्रम र बजेट खर्च स्थिति देहाय बमोजिम रहेको छः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| क.स | क्षेत्र | बजेट | खर्च | जम्मा खर्चको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४५९२४००० | ४३८३४८८६ | 10.4 |
| २ | पूर्वाधार विकास | ५७५७८००० | ४९३८३६०७ | 11.8 |
| ३ | सामाजिक विकास | २८३४३०००० | २०५२२६०६३ | 48.9 |
| ४ | बातावरण तथा विकास | ४००००० | ३४९०८७ | 0.1 |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १५७२१००० | १४५००७५१ | 3.5 |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ११५९२६३४० | १०६५२४४०७ | 25.4 |
| जम्मा | | ५१८९७९३४० | ४१९८१८८०१ | १०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ४८.९ प्रतिशत र घटी वातावरण तथा विकासमा ०.१ प्रतिशत खर्च रहेको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकास लक्ष्यको स्थानीय लक्ष्य गन्तव्य र सूचकको आधारमा बजेट सांकेतिकरण गरी बजेट व्यवस्थापनलाई आवधिक योजना अनुकूल समावेशी बनाउनु पर्दछ । | |
| २० | | | **आर्थिक सहायता**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले मार्मा गाउँपालिका आर्थिक सहायता कार्यविधि, २०७४ तर्जुमा गरी यस आर्थिक वर्षमा ११० संघ संस्था तथा व्यक्तिलाई रु २२०००००। आर्थिक सहायता खर्च लेखेको छ । उक्त कार्यविधिको बुदा नं ६ मा गाउँपालिकाको पेश्की बाँकी नरहेको तथा पालिकालाई नियमानुसार तिर्नुबुझाउनुपर्ने कर, महसुल, सेवा शुल्क तिरेको, संगठित संस्थाको हकमा कर चुक्ता प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने व्यवस्था रहेको छ । साथै उक्त कार्यविधिको बुदा नं ८ मा आर्थिक सहायताको प्रभावकारी उपयोग भए नभएको सम्वन्धमा प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा रहेको ५ सदस्यीय समितिले अनुगमन गरी प्रतिवेदन गर्ने व्यवस्था गरेको छ । उक्त कार्यविधिमा भएको व्यवस्था बमोजिम कागजात लिई/परिक्षण गरी आर्थिक सहायता वितरण गरेको नदेखिएको तथा अनुगमन समितिबाट लेखापरीक्षण अवधिसम्म पनि अनुगमन गरी प्रतिवेदन पेश नभएकोले वितरित आर्थिक सहायता कार्यविधि बमोजिम भएको छ भन्न सकिने आधार देखिएन । अनुगमन समितिले अनुगमन गरी कार्यविधि बमोजिम प्रितवेदन संलग्न गर्नुपर्दछ । साथै यस्तो आर्थिक सहायता खर्च लेख्दा आन्तरिक श्रोत भए सोबाट खर्च लेख्ने र संघीय अनुदानबाट खर्च लेख्ने परीपाटीको अन्त्य गर्नुपर्दछ । | |
| २१ | | | **बरबुझारथ**<br><br>मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **सम्पत्ति हस्तान्तरणः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| २३ | | | **पदाधिकारी सुविधा**<br><br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट रु ५६९४३००। सुविधा वापत भुक्तानी भएको छ । | |
| २४ | | | **कल्याणकारी कोष**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले कल्याणकारी कोषको व्यवस्था गरी रु. ६ लाख जम्मा गरेको भएपनि ऐन बमोजिम कट्टा गरी जम्मा गरेको छैन । ऐन बमोजिमको कल्याणकारी कोषको व्यवस्था हुनु पर्दछ । | |
| २५ | | | **लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | लेखापरीक्षण ऐन २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने व्यवस्था छ ।जस अनुसार स्थानीय तहले सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको वैठकमा पेश सम्म गरेको देखीयो । लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थाकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ । | |
| २६ | | | **न्याय सम्पादन**<br><br>न्यायिक समिति — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरिक्षणको क्रममा विवरण माग गरिएकोमा विवरण पेश हुन भएन। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २७ | | | **सम्परीक्षणवाट कायम भएको पेश्की बाँकी**<br><br>आ.व. २०७६।०७७ को लेखापरीक्षण गर्दा पेश्की विवरण एकमुष्ठ राखेकोमा हाल म्याद नाघेको र ननाघेको एकिन गरी देहाय अनुसार प्रस्तुत गरिएको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ मा सार्वजनिक निकायले कुनै प्रयोजनको लागि दिइएको पेश्की सो प्रयोजन सम्पन्न भएको मितिले २१ दिन भित्र फछ्र्यौट भै सक्नुपर्न व्यवस्था छ। पालिकाले निम्नानुसार कामको लागि पेश्की दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म पेश्की फछ्र्यौट हुन नसकी पेश्की बाँकीको विवरण कायम गरेको छ। पेश्की बाँकीको विवरण (म.ले.प.फा.नं.२११) अनुसार पेश्की बाँकी देखिएको पेश्की फछ्र्यौट हुनुपर्ने रु. | ४,९२८,०८३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>गोश्वारा भौचर नं./ मिति</th><th>पेश्की पाउनेको नाम</th><th>म्याद नाघेको पेश्की रकम</th><th>म्याद ननाघेको पेश्की रकम</th></tr>
<tr><td>१०-२०७६/09/13</td><td>घट्टेखोला लाम्बगर लघु जलविद्युत योजना</td><td>४०००००</td><td></td></tr>
<tr><td>23-२०७६/09/14</td><td>सल्लेधार मा वि मुरै</td><td>१५००००</td><td></td></tr>
<tr><td>158-२०७६/09/14</td><td>दोगडा लघु जलविद्युत</td><td>१५००००</td><td></td></tr>
<tr><td>6-२०७६/09/16</td><td>हणे झो पु</td><td>५५६८६७</td><td></td></tr>
<tr><td>7-२०७६/09/16</td><td>कोदरे लिटड झो पु</td><td>७०४२६९</td><td></td></tr>
<tr><td>301-२०७६/12/07</td><td>कृषि तथा पशुपन्छी हाटवजार संकलन केन्द्र</td><td>१५००००</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | |
|---|---|---|---|
| २1-२०७६/12/0९ | कृषि तथा पशुपन्छी हाटवजार संकलन केन्द्र | १५0000 | |
| ४-२०७६/09/13 | पशुपती जोशी | ५000 | |
| ५-२०७६/09/13 | गोविन्दराज जोशी | ५0000 | |
| ५-२०७६/09/13 | पशुपती जोशी | २0000 | |
| ९-२०७६/09/१३ | चक्र सिंह धामी | ४0000 | |
| १४५-२०७६/09/1३ | बिशन डडाल | २0000 | |
| २६-२०७६/09/1५ | पशुपती जोशी | १४८00 | |
| ६-२०७६/09/1६ | केशव बहादुर सिंह | १00000 | |
| १६८-२०७६/09/1६ | कटक बहादुर सिंह | १८0000 | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२१६-२०७६/१०/1५</td><td>नन्दन ठगुन्ना</td><td>४५०००</td><td></td></tr>
<tr><td>२१६-२०७६/१०/1५</td><td>नन्दन ठगुन्ना</td><td>३८०००</td><td></td></tr>
<tr><td>२१६-२०७६/१०/1५</td><td>नन्दन ठगुन्ना</td><td>९५०००</td><td></td></tr>
<tr><td>२१६-२०७६/१०/1५</td><td>नन्दन ठगुन्ना</td><td>९००००</td><td></td></tr>
<tr><td>२१६-२०७६/१०/1५</td><td>नन्दन ठगुन्ना</td><td>८००००</td><td></td></tr>
<tr><td>२२९-२०७६/१०/१६</td><td>दर्गादत्त पन्त</td><td>२५०००</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | ३१६-२०७६/१२/१८ | संजिव अवस्थी | ३८८५०० | | |
| | | | १४७-२०७७/0२/०५ | चक्र सिंह धामी | १३६५०० | | |
| | | | ४०३-२०७७/0२/०७ | सुनिल महरा | २०००० | | |
| | | | ४२९-२०७७/0२/१६ | सुनिल महरा | २०००० | | |
| | | | 73-२०७६/१०/1५ | हटिनाथ सामुदायिक अध्ययन केन्द्र | १५०००० | | |
| | | | 7४-२०७६/१०/1६ | लटिनाथ सामुदायिक अध्ययन केन्द्र | १७५००० | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०२-२०७७/०३/३०</td><td>समाज कल्याण समाज दार्चुला</td><td>१७४१०७</td><td></td></tr>
<tr><td>७७-२०७७/०३/३०</td><td>जय गौरे निर्माण सेवा</td><td>८०००००</td><td></td></tr>
<tr><td>१०४-२०७७/०३/३०</td><td>जगदम्बा निर्माण सेवा</td><td></td><td>६९०००००</td></tr>
<tr><td>२६३-२०७७/०३/२८</td><td>जागृति निर्माण सेवा</td><td></td><td>१२०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४९२८०४३</td><td>८१०००००</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>२७.१</td><td>सम्वन्धितवाट</td><td>४९,२८,०८३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>निःशुल्क वितरण गरिने औषधीमा निःशुल्कको छाप</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नेपाल सरकारबाट खरिद गरी निःशूल्क वितरण गरिने औषधीमा निःशूल्क को छाप लागेको हुनुपर्दछ । पालिकाले खरिद गरेको केहि औषधीको निरिक्षण गर्दा सो छाप लागेको पाइएन । जसबाट खरिद गरिएको औषधी दूरुपयोग हुन सक्ने देखिन्छ । औषधीकोनाम<br>Ibuprofen400mg<br>Amoxicillin500mg<br>Ciprofloxacine250mg<br>VitaminBcomplex<br>Paracetamol | |
| २९ | | | **सुरक्षित मातृत्व कार्यक्रम**<br><br>1. स्वास्थ्य तथा जनसंख्या विभागको स्थानीय तहहरुको कार्याक्रम संचालन मार्गदर्शनमा स्वास्थ्य संस्थाले निःशुल्क आमा सुरक्षा कार्यक्रम संचालन गरे बापत प्रति केस इकाई मूल्य आमा तथा नवजात शिशु कार्यविधि निदेशिका २०६५,-पहिलो संसोधन २०७३_ अनुसार पाउने र स्वास्थ्य संस्थालाइ प्राप्त हुने इकाई मूल्य बाट प्रसुती सेवा दिनको लागि आवश्यक सामग्री, औषधि (Oxytocin, calcium, gluconate, magnesium, sulphate) लगायत अन्त्य निदेशिकामा तोके बमोजिमले खर्च गर्न सकिने उल्लेख छ । तर यस वर्ष विभिन्न संस्थालाई २५२ प्रसुती केशका लागि प्रति केशको रु १००० का दरले रु २५२०००। अनुदान दिएको सो रकमको खर्च निर्देशिकाले तोकेबमोजिम गरे नगरेको अनुगमनको अभाव यकिन गर्न सकिएन । तसर्थ पालिकाले अनुदानको समुचित उपयोगको सुनिश्चितताका लागि समयमा अनुगमन गर्नुपर्दछ ।<br><br>2. स्वास्थ्य तथा जनसंख्या विभागको स्थानीय तहहरुको कार्याक्रम संचालन मार्गदर्शनमा आमा सुरक्षा कार्यक्रममा प्रदान गरिने यातायात खर्च हिमाली जिल्लामा प्रसूति हुने सेवाग्राहीलाइ रु ३००० र गर्भवती उत्प्रेरणा सेवा वापत प्रोटोकल अनुसार गर्भवती जाँच गरी स्वास्थ्य संस्थामा सुत्केरी हुने सेवाग्राहीलाई रु ८०० उपलब्ध प्रसुति भई घर जान दिनुपर्ने उल्लेख छ । तर यस कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरुले महिला प्रसुती भई डिस्चार्ज भई घर जादाँ सो रकम उपलब्ध नगराई पछि मात्र उपलब्ध गराउने गरेको छ । यसकारण सुविधा उद्देश्य पुरा नहुनुको साथै उक्त सुविधा लिन सेवाग्राहीलाई खर्चिलो हुने देखिन्छ । तसर्थ कार्यालय महिलाहरुलाई प्रसुती भई डिस्चार्ज भई घर जाने बखत नै सो रकम उपलब्ध गराउन ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | 3. यस आर्थिक वर्षमा कार्यालयले मिति २०७८।७।७ मा बर्थिक सेन्टर संचालन गर्नका लागि रु १७८०००। को विभिन्न औजार उपकरण खरिद गरी सम्बन्धीत स्वास्थ्य संस्थालाई मिति ०७८।११।२ हस्तान्तरण गरेपनि संस्थाले मिति ०७९।२।१६ गतेबाट मात्र सेवा संचालन गरेको देखिन्छ । यसकारण कार्यक्रमको उद्देश्य प्राप्त भएको तथा सेवाग्राहीले समयमा सेवा प्राप्त गरेको देखिएन । तसर्थ कार्यालयले यस्ता सेवा यथासंभव समयमा संचालन गर्न ध्यान दिनुपर्दछ । | |
| ३० | | | **औषधी अभिलेख तथा व्यवस्थापन**<br><br>१ कुनै औषधजिन्य मालसामान उत्पादन गर्ने वशि्व स्वास्थ्य सँगठनबाट पूर्वयोग्यता प्राप्त औषधी उत्पादक कम्पनीसंग मात्र खरदि गर्नुपर्ने व्यवस्था छ । पालिकाले औषधी खरिद गरेको उत्पादक कम्पनी डव्लु.एच्.ओ. र जि.एम.पि. मान्यता प्राप्त भएको प्रमाण लिई खरिद नगरेको तथा सार्वजनिक खरिद नियमावलीको नियम ३, ५क र ९ बमोजिम को प्रक्रिया पुयाई औषधी तथा न्यानो झोला खरिदको आवश्यकता र लागत अनुमान तयार गरेको देखिएन । जिन्सी श्रेस्तामा आम्दानी बाध्दा जिल्ला अस्पतालबाट प्राप्त औषधी खरिदको इकाई मूल्य खुलाएर आम्दानी बाधेको तथा न्यानो झोलाको शुरु मौज्दातको अभिलेख राखेको पाइएन । यसरी औषधी तथा न्यानो झोलाको आवश्यकता तथा लागत अनुमान तयार नगर्दा आवश्यक न्यानो झोला र औषधी नै खरीद भएको र मितव्ययी भई खरीद भएको कुरा यकिन हुन सकेन ।<br><br>२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा रु. २० लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.२० लाखभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। तर, कार्यालयले उक्त प्रक्रिया वेगर विभिन्न ३ वटा औषधी पसलहरुसँग दररेट माग गरी रु. २८४८३४६। - का औषधि सोझै खरिद गरेको छ। खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको प्रमाण समेत संलग्न राखेको देखिएन । सार्वजिनक खरीद नियमावली बमोजिम बोलपत्र गरी खरीद गरेको देखिएन । यसकारण उक्त औषधी उत्पादक कम्पनीले प्रकाशित मूल्यसूचिमा र मितव्ययी तरीकाले खरीद भएको यकिन गर्न सकिने आधार भएन । यस वर्ष खरीद गरीएका केही औषधीको अधिकतम र न्यूनतम मूल्य तुलना गरी हेर्दा औषधी खरिद मितव्ययी नभएको देखिन्छ । उदाहरण | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>औषधीको नाम</td><td>अधिकतम मूल्य</td><td>न्यूनतम मूल्य</td></tr>
<tr><td>Ibuprofen 400 mg</td><td>१।९०</td><td>१।८०</td></tr>
<tr><td>Amoxicillin 500 mg</td><td>८</td><td>७।२</td></tr>
<tr><td>Ciprofloxacin 250 mg</td><td>६</td><td>४।५</td></tr>
<tr><td>Vitamin B complex</td><td>३</td><td>१।८०</td></tr>
<tr><td>Paracetamol</td><td>१</td><td>०।९</td></tr>
</table>
३ कार्यालयले औषधी सम्बन्धी खर्च भएर जाने जिन्सी खाताको छुट्टै अभिलेख राखेको छ । कार्यालयले आफै खरिद गरी वा अन्यबाट प्राप्त औषधी दाखिला नं. र प्रति ईकाइ दर उल्लेख नगरी आम्दानी बाध्ने गरेको छ । खर्च लेख्दा हस्तान्तरण फारम मार्फत स्वास्थ्य संस्थाहरुको मागको आधार पठाउने गरेको भनेपनि पालिकामा संस्थाबाट प्राप्त माग फारम र हस्तान्तरण गरी पठाएको औषधीको सम्बन्धीत स्वास्थ्य संस्थाले दाखिला गरेको प्रमाण अभिलेख व्यवस्थित रुपमा राखेको पाइएन । तसर्थ पालिकाले अभिलेख व्यवस्थित गरी राख्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>म्यान डेज गणना<br><br>कार्यालयले कुनै पनि योजनाको लागि आवश्यक म्यान डेज गणना गर्दा प्राविधिक नर्म्स अनुसार गर्नुपर्दछ । तर कार्यालयले योजनाका लागि आवश्यक जनशक्ति अनुमान नर्म्स अनुसार नगरी नर्म्सभन्दा बढी जनशक्तिलाई योजनाहरुमा भुक्तानी गरेको देखिन्छ । यसकारण थोरै कामका लागि बढी ज्यालादारी राखी भुक्तानी भएको छ । तसर्थ कार्यालयले यसलाई नियन्त्रण गरी प्राविधिक नर्म्स अनुसार म्यान डेज गणना गरी कार्य उपलब्धीमा वृध्दि गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रमसँग सहकार्य</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यालयले प्रधानमन्त्री रोजगार कार्यक्रमसँग अध्यक्ष रोजगार कार्यक्रम सहकार्य गरेको छ । आयोजनाहरुमा ज्यालाको रकम प्रधानमन्त्री रोजगार कार्यक्रम र निर्माण सामग्रीको रकम अध्यक्ष रोजगार कार्यक्रमबाट व्यहोरिने गरी सहकार्य गरेको छ । यस सम्बन्धमा देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छनः<br>१ स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम आयोजनाहरु गाउँ सभाबाट स्वीकृती गरेको देखिएन ।<br>२ सार्वजनिक खरीद नियमावलीको नियम ९७ बमोजिम आयोजना सम्झौता गरेको देखिएन ।<br>३ सम्पूर्ण आयोजना सो कार्यको फोटोहरु संलग्न नराखेकोले कार्य वास्तव मै भएको यकिन गर्न सकिएन । | |
| ३३ | | | **निर्देशिकाको परिपालना**<br><br>प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका अनुसार बेरोजगारहरुको सूचीकरण, सुचिकृतलाई प्रथामिकताका आधारमा दीर्घकालिन रोजगारी सिर्जना हुने कार्यमा बजेट खर्च भए नभएकोस्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ३५२ जनालाई रोजगारी उपलव्ध गराई रु. २०३१०४००।- खर्च गरेको छ। लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन। | |

| वडान | कार्यक्रम योजना सचालन | विनियोजित बजेट | जम्मा खर्च रकम | ज्यालामा भएको खर्च | रोजगारसख्या | ओषत रोजगारी दिन |
|---|---|---|---|---|---|---|
| १ | ८ | 2827300 | 2827300 | 2827300 | 49 | 4900 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | ७ | 2942700 | 2942700 | 2942700 | 51 | 5100 |
| ३ | १४ | 4269800 | 4269800 | 4269800 | 74 | 7400 |
| ४ | ६ | 3577400 | 3577400 | 3577400 | 62 | 6200 |
| ५ | ५ | 2885000 | 2885000 | 2885000 | 50 | 5000 |
| ६ | ६ | 3808200 | 3808200 | 3808200 | 66 | 6600 |
| Total | ४६ | 20310400 | 20310400 | 20310400 | 352 | 35200 |

</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>

**लघु उद्यम विकास कार्यक्रम (मेडप) अनुगमन**

सञ्चालन निर्देशिका, २०७७ को दफा ५८ बमोजिम कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्नुपर्ने तथा दफा ५९ मा प्रगती प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । तर कार्यालयले हालसम्म दिएको विभिन्न उद्यम विकास सम्बन्धी तालिमको उपयोग र आर्थिक तथा सामाजिक प्रभाव र निम्न मेशिन उपकरणमध्ये यस वर्ष रु ६७३७५९ को खरीद गरीएको प्रयोगको अवस्था सम्बन्धी कुनै अनुगमन तथा अभिलेख व्यवस्थित रुपमा राखेको देखिएन । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन।

| मेशिनको विवरण | परिमाण |
|---|---|
| सिलाई मेसिन | २० थान |
| कैची | १० थान |
| होजियारी मेशिन | २० थान |

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>पोलिहाउस</td><td>१२ थान</td></tr>
<tr><td>दाते</td><td>५७ थान</td></tr>
<tr><td>हजारी</td><td>३५ थान</td></tr>
<tr><td>गार्डन पाइप</td><td>३५ थान</td></tr>
<tr><td>कुखुरालाई पानी र खाना दिने भाडा</td><td>४६ थान</td></tr>
<tr><td>कपडा बुन्ने राजसेट</td><td>३ थान</td></tr>
<tr><td>मौरी व्यवसायमा टोपी झोला पन्जा र कुइनगेट</td><td>३२ थान</td></tr>
<tr><td>मौरी घार</td><td>३ थान</td></tr>
<tr><td>स्प्रीकल</td><td>३२ थान</td></tr>
<tr><td>स्प्रे ट्याङी</td><td>३३ थान</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>कार्यक्रम संचालन तथा नर्म्सभन्दा बढी खर्च<br><br>1. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९(५) अनुसार कार्यालयले स्वीकृत बजेट खर्च गर्दा खर्चको विल भरपाई एवं खर्चको प्रष्टयाई प्रमाण सबै संलग्न गरी खर्च लेख्नुपर्दछ । उक्त नियमावली को नियम ३६(७)(८) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन गर्नु पर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ । यस्तो स्वीकृत कार्यक्रम अनुरुप सञ्चालित तालिम, सेमिनार, गोष्ठी, कार्यशाला गोष्ठी आदि सम्पन्न</td><td>२२,४३०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भइसकेपछि कार्यक्रम अनुरुप कार्य सम्पन्न भए नभएको र त्यसमा खर्च गरिएका मालसामानको विवरण तथा बिल भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नु पर्ने उल्लेख छ । तर कार्यालयले शिक्षा, लघु उद्यम विकास, प्रधानमन्त्री युवा स्वरोजगार, प्रधानमन्त्री कृषि, स्वास्थ्य सम्बन्धी विभिन्भ कार्यक्रम, तालिम र गोष्ठी संचालन गरेको कार्यक्रम तथा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराएको तथा त्यसमा सहभागीहरुलाई वितरण गरेको स्टेशनरीको भर्पाइ राखेको पाइएन । यसरी नियममा भएको व्यवस्थाको पालना नहुदाँ कार्यक्रम तथा गोष्टीहरु स्वीकृत कार्यक्रम अनुसार भएको र खरिद गरेको स्टेशनरी सहभागिहरुलाई वितरण गरेको कुरा यकिन गर्नसक्ने देखिएन ।<br><br>2. अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७७ को दफा ७.१.१५ मा अर्थमन्त्रालयले तोकेको खर्चको मापदण्डलाई आधार लिई सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार र कार्यशाला सञ्चालन गर्नुपर्ने उल्लेख छ । कार्यालयले निम्नानुसारको खर्च मापदण्डभन्दा बढी गरेकोले असुलउपर गर्नुपर्ने रु<br><br>
<table>
<tr><th>कार्यक्रमको नाम</th><th>विवरण</th><th>दिनुपर्ने भुक्तानी</th><th>दिएको भुक्तानी</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>स्वास्थ्य संस्थाहरुको अर्धबार्षिक समिक्षा कार्यक्रम</td><td>सहभागि भत्ता १६ जनालाई २ दिनको प्रति व्यक्ति रु ७००।</td><td>२२४००</td><td>३२०००</td><td>८६४०</td></tr>
<tr><td></td><td>सहभागी स्टेनरी १५ जनालाई प्रति व्यक्ति रु ५०।</td><td>७५०</td><td>१५००</td><td>७५०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>FP-EPI Integration कार्यक्रमको अभिमुखिकरण</td><td>सहभागि भत्ता २४ जनालाई २ दिनको प्रति व्यक्ति रु ७००।</td><td>३३६००</td><td>४८०००</td><td>१२२४०</td></tr>
<tr><td></td><td>सहभागी स्टेनरी १६ जनालाई प्रति व्यक्ति रु ५०।</td><td>८००</td><td>१६००</td><td>८००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२२४३०।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>शिक्षक तलव भत्ता<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(२ज) मा आधारभूत र माध्यमिक शिक्षा सम्वन्धी अधिकार स्थानीय तहलाई प्रदान गरेको भए तापनि शिक्षकको दरवन्दी सृजना र नियुक्ती सम्वन्धमा उल्लेख छैन । शिक्षकको दरवन्दी मिलान नगरी स्वीकृत दरवन्दीभित्र परेका नपरेका एवं गत विगतदेखि नै विद्यालयको आन्तरिक स्रोतबाट तलव भत्ता व्यहोरेका शिक्षकको तथा मापदण्ड ०७७।३।९ मा स्वीकृत गरी शिक्षक दरवन्दी सृजना गरी नियुक्त गरेका ७१ शिक्षकको तलव भत्ताको लागि रु २३६९२०००। खर्च लेखेको छ । शिक्षक दरवन्दी एकिन गरी प्रतिष्पर्धात्मक रुपमा शिक्षक नियुक्ती गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम<br><br>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमः पालिकाले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ५ वटा विद्यालय क्रमशः दुर्गश्वरी मावि तामु, अपिपथ प्रदर्शक मावि, युवा वर्षा आवि, दुर्गा भवानी आवि, महादेव आविलाई यस वर्ष रु १०८०००००। खर्च लेखेको छ । यस आर्थिक वर्षमा कार्यसम्पन्न हुन नसक्ने पालिकाले च.नं १८६९ मिति ०७९।३।२८ को पत्रानुसार सम्वन्धित विद्यालयको खातामा रु ५८७४५११। जम्मा</td><td>१०,८००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरी रोक्का राखेको छ । समयमा कार्यसम्पन्न गर्ने गरी ठेक्का लगाइ भुक्तानी दिनुपर्नेमा काम सम्पन्न नभई विद्यालयको खातामा रकम जम्मा गरी रोक्का राख्नु कानून सम्मत देखिदैन । निकासा भएको विद्यालयको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु | |

| क स | विवरण | रकम रु |
|---|---|---|
| १ | युवावर्षा आवि चानधार | 1800000 |
| २ | महादेव मावि मटला | 1800000 |
| ३ | दुर्गेश्वरी मावि ताकु | 3600000 |
| ४ | दुर्गाभवानी मावि पत्थर काडा | 1800000 |
| ५ | अपिनाथ मावि सेरी | 1800000 |
| | जम्मा | 10800000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **अनुदान वितरण अभिलेख तथा अनुगमन**<br><br>कार्यालयले यस कार्यक्रमअन्तर्गत विभिन्न सहकारी तथा व्यक्तिलाई कृषि विउ खरीद, पोलि हाउस निर्माण, थोपा सिंचाई निर्माण अनुदान दिएकोमा सो अनुदान सुचीकृत किसानको अभिलेख अनुसार प्राथमिकताको आधारमा दोहोरो नपर्ने गरी दिएको नदिएको अभिलेखको अभावमा यकिन हुन सक्ने देखिएन । साथै पालिकाले दिएको अनुदानको उपलब्धी तथा उपयोगिताको अनुगमन गरेको देखिएन । तसर्थ कार्यालयले किसान सूचिकरण अभिलेखबमोजिम अनुदान वितरण तथा अनुगमन गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ३९ | | | **पदाधिकारीलाई पालिका भित्र भ्रमण भत्ता भुक्तानी** | २०४,१०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि (पहिलो संशोधन) ऐन, २०७६ दफा ३ अनुसुची १(क) बमोजिम पदाधिकारीलाई पालिका भित्र भ्रमण गर्दा भ्रमण भत्ता सम्वन्धि सेवा सुविधा पाउने व्यवस्था गरेको देखिएन तर पालिकाले निम्न पदाधिकारीलाई पालिका भित्र भ्रमण गर्दा भ्रमण भत्ता दिएको हुदा सम्वन्धित पदाधिकारीवाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>गो.भौ।मिति</th><th>पदाधिकारीको नाम थर</th><th>पद</th><th>भ्रमणको उद्देश्य</th><th>भ्रमण खर्च भुक्तानी</th></tr>
<tr><td>१</td><td>२३०।२०७८।११।१३</td><td>श्री वागमती ठगुन्ना</td><td>गा पा उपाध्यक्ष</td><td>अनुगमन</td><td>१८०००</td></tr>
<tr><td>२</td><td>२६७।२०७८।१२।०१</td><td>श्री उदय सिंह महर</td><td>वडा अध्यक्ष</td><td>कोभिड कार्यक्रम</td><td>८२५०</td></tr>
<tr><td>३</td><td>२६७।२०७८।१२।०१</td><td>श्री गोमती महता</td><td>वडा सदस्य</td><td>कोभिड कार्यक्रम</td><td>६०००</td></tr>
<tr><td>४</td><td>२६७।२०७८।१२।०१</td><td>श्री ललिता देवी तिखाल</td><td>वडा सदस्य</td><td>कोभिड कार्यक्रम</td><td>६०००</td></tr>
<tr><td>५</td><td>३८२।२०७९।०२।१२</td><td>श्री वागमती ठगुन्ना</td><td>गा पा उपाध्यक्ष</td><td>परिक्षा अनुगमन</td><td>१५७५०</td></tr>
<tr><td>६</td><td>२८१।२०७८।१२।०७</td><td>श्री सुरेन्द्र सिंह महता</td><td>वडा अध्यक्ष-५</td><td>योजना अनुगमन</td><td>२२०५०</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | २८१।२०७८।१२।०७ | श्री पुस्कर सिंह विष्ट | वडा अध्यक्ष-३ | योजना अनुगमन | १४७०० |
| ८ | २८१।२०७८।१२।०७ | श्री उदय सिंह महर | वडा अध्यक्ष-४ | योजना अनुगमन | २६२५० |
| ९ | २८१।२०७८।१२।०७ | श्री महादेव सिंह डडाल | वडा अध्यक्ष-६ | योजना अनुगमन | २६२५० |
| १० | २८१।२०७८।१२।०७ | श्री विरेन्द्र सिंह वोहरा | वडा अध्यक्ष-१ | योजना अनुगमन | २६२५० |
| ११ | ४२५।२०७९।०३।१० | श्री वागमती ठगुन्ना | गा पा उपाध्यक्ष | अनुगमन | ९००० |
| १२ | ४२५।२०७९।०३।१० | श्री सुरेन्द्र सिंह महता | वडा अध्यक्ष-५ | अनुगमन | ८९५० |
| १३ | ४२५।२०७९।०३।१० | श्री कमला महता | वडा सदस्य | अनुगमन | ७७०० |
| १४ | ४२५।२०७९।०३।१० | श्री गोमती महता | वडा सदस्य | अनुगमन | ८९५० |
| **जम्मा** | | | | | २०४१०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **शिर्षक फरक पारी खर्च गरेको**<br><br>आर्थिक कार्य विधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८(२) मा अधिकार प्राप्त अधिकारीले स्विकृत बार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको बाहेक खर्च गर्न आदेश दिन नहुने उल्लेख छ तर पालिकाले देहाय अनुसार खर्च गरेको देखियो। | |

| सि नं | गो भौ नं/मिति | खर्च गर्नुपर्ने शिर्षक | खर्च भएको शिर्षक | रकम |
|---|---|---|---|---|
| १ | ३९०।२०७९।०२।३० | मसलन्द तथा कार्यालय सामाग्री | खाना खाजा नास्ता | ८८५०० |
| २ | ३९९।२०७९।०३।०५ | पारिश्रमिक पदाधिकारी | घरभाडा | २८०२८६ |
| ३ | ४२०।२०७९।०३।०८ | पारिश्रमिक पदाधिकारी | गाडी भाडा | ५१००० |
| ४ | ४४५।२०७९।०३।२० | पारिश्रमिक पदाधिकारी | खाना खाजा नास्ता | २२०६२० |
| ५ | ४५८।२०७९।०३।२१ | विविध खर्च, पोषाक | तपोवन मा वि | ५००००० |
| ६ | ४६४।२०७९।०३।२१ | अनुगमन मुल्याङ्कन खर्च | सूचना सन्देश अनुगमन | ६७८०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>१२०८२०६</td></tr></table></td><td></td></tr>
<tr><td>४१</td><td>121</td><td>२०७९-९-८</td><td>कार्यालयमा हाजिरी भएको अवधीमा भ्रमण भत्ताः<br><br>सूचना प्रविधि अधिकृत श्री वासुदेव सिंह महर लाई कार्यालयमा हाजिरि भएको अवधीमा दैनिक भ्रमण भत्ता वापत निम्न बमोजिमको रकम गो.भौ.नं. १२१ मिति २०७८।०९।०८ मा भुक्तानी गरेको पाइयो। उक्त रकम भुक्तानी पाउने श्री वासुदेव सिंह महर वाट असुल हुनुपर्ने रु. २२०००<br><br><table><tr><th>सि.नं.</th><th>अवधी</th><th>रकम</th></tr><tr><td>१</td><td>२०७८।०८।१५ देखि २०७८।०८।२१</td><td>११०००</td></tr><tr><td>२</td><td>२०७८।०८।२९ देखि २०७८।०९।०६</td><td>११०००</td></tr><tr><td colspan="2">जम्मा</td><td>२२०००</td></tr></table></td><td>२२,०००</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>चाडपर्व खर्च<br><br>स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि (पहिलो संशोधन) ऐन, २०७६ बमोजिम भुक्तानी गर्नुपर्ने पर्ने चाडपर्व खर्च भन्दा वढि भुक्तानी गरेकोमा वढि भुक्तानी भएको रकम सम्वन्धित वाट असुल गर्नुपर्ने रकम रु.</td><td>१०३,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| सि.नं. | पदाधिकारीको नाम थर | पद | भुक्तानी गर्नुपर्ने | भुक्तानी गरेको | वढि भुक्तानी |
|---|---|---|---|---|---|
| १ | श्री बागमती ठगुन्ना | गा.पा उपाध्यक्ष | २२५०० | ३७५०० | १५००० |
| २ | श्री बिरेन्द्र सिंह वोहोरा | वडा अध्यक्ष | १६००० | २४५०० | ८५०० |
| ३ | श्री अमर विष्ट | वडा अध्यक्ष | १६००० | २४५०० | ८५०० |
| ४ | श्री पुष्कर विष्ट | वडा अध्यक्ष | १६००० | २४५०० | ८५०० |
| ५ | श्री सुरेन्द्र महता | वडा अध्यक्ष | १६००० | २४५०० | ८५०० |
| ६ | श्री उदय महर | वडा अध्यक्ष | १६००० | २४५०० | ८५०० |
| ७ | श्री महादेव डडाल | वडा अध्यक्ष | १६००० | २४५०० | ८५०० |
| ८ | श्री जमुना ठगुन्ना | का.पा सदस्य | ९००० | १३००० | ४००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९</td><td>श्री पारसा देवी जोशी</td><td>का.पा सदस्य</td><td>९०००</td><td>१३०००</td><td>४०००</td></tr>
<tr><td>१०</td><td>श्री धर्मे टमटा</td><td>का.पा सदस्य</td><td>९०००</td><td>१३०००</td><td>४०००</td></tr>
<tr><td>११</td><td>श्री हरिराम टमटा</td><td>का.पा सदस्य</td><td>९०००</td><td>१३०००</td><td>४०००</td></tr>
<tr><td>१२</td><td>श्री गोमती महता</td><td>का.पा सदस्य</td><td>९०००</td><td>१३०००</td><td>४०००</td></tr>
<tr><td>१३</td><td>अन्य १७ जना</td><td>गा.पा सदस्य</td><td>७०००*१७</td><td>८०००*१७</td><td>१७०००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१०३०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>कानुनी सल्लाहकार<br><br>सुदुरपश्चिम प्रदेश वाट स्विकृत स्थानिय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न वनेको ऐनमा राजनीतिक सल्लाहकार / कानुनी सल्लाहकार र स्वकिय सचिव राख्न सकिने स्पष्ट व्यवस्था गरेको देखिदैन । कानुनमा स्पष्ट व्यवस्था तथा कार्य विश्लेशण वेगर पालिकाले अपिहिमाल गाउँपालिका वडा नं. ३ वस्ने श्री भक्तसिंह ठेकरे वोहरा लाई कानुनी सल्लाहकार नियुक्त गरि यो वर्ष रु २५०००० भुक्तानी गरेकोमा यसरी नियुक्तीको औचित्य पुष्टी हुने कानुनी आधार पेश नभएकोले नियम संगत नदेखिएको रु.</td><td>२५०,०००</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>पारिश्रमिक कर</td><td>७,५३२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पारिश्रमिक करः आय कर ऐन २०५८ को दफा ८७ मा रोजगारीको आयमा अनुसुची १ वमोजिम कर कट्टी गर्नु पर्ने उलेख छ तर पालिकाले कर योग्य आय भएको देहाय अनुसारको कर्मचारीहरुको कर कट्टा गर्ने छुट भएको देखिएकोले असुल गरी संघिय संचितकोष दाखिला हुनुपर्ने रु
<table>
<tr><th>सि नं</th><th>पद</th><th>नाम</th><th>पारिश्रमिक कर</th></tr>
<tr><td>१</td><td>अधिकृत छैठौ शिक्षा</td><td>श्री राजेन्द्र प्रसाद जोशी</td><td>७५३२</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७५३२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>पदाधिकारी आवास सुविधा<br><br>स्थानिय तहमा रहेर शासन विकास र सेवा प्रवाहमा संलग्न हुने जनप्रतिनिधि सम्वन्धित स्थानिय तहको हुनुपर्ने कानुनी व्यवस्था रहेको छ। स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि (पहिलो संशोधन) ऐन, २०७६ बमोजिम पदाधिकारीलाई आवास सम्वन्धि सेवा सुविधा पाउने व्यवस्था गरेको देखिएन तर पालिकाले निम्न पदाधिकारीलाई आवास सुविधा दिएले नियम संगत नदेखिएको रु.
<table>
<tr><th>सि.नं.</th><th>पदाधिकारीको नाम थर</th><th>पद</th><th>आवास सुविधा वापतको भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>श्री जमन सिंह धामी</td><td>गा.पा अध्यक्ष</td><td>८००००</td></tr>
<tr><td>२</td><td>श्री बागमती ठगुन्ना</td><td>गा.पा उपाध्यक्ष</td><td>८२५००</td></tr>
<tr><td>३</td><td>श्री विरेन्द्र वोहरा</td><td>वडा अध्यक्ष वडा नं. १</td><td>२००००</td></tr>
</table>
</td><td>१८२,५००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>१८२५००</td></tr></table></td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>पारीवगढ घोल्झार परमचुला सडकः<br><br>पारीवगढ घोल्झार परमचुला सडकः निर्माण व्यवसायि सनिदेव-वालीचन्द्र जेभिले लागत अनुमान २०५४४०६३। को सडक निर्माण कार्य रु ९८६५५५५१। मा सकारी ०७९।१।२५८ मा सम्पन्न गर्नुपर्नेमा पहिलोपटक म्याद थप मिति ०७९।३।२५ सम्म भएको देखियो । म्यादथप अवधिसम्म कटिङको कार्य ९४५०० घनमिटर मध्ये ४९३३१ घनिमटरको काम भएको छ । यस आर्थिक वर्षमा रु ६१५०५४२। भुक्तानी भएकोमा काम भएको छैन । निर्माण व्यवसायीले ०७९।३।२ मा कटीङ्ग कार्य अनुमान भन्दा कडा चट्टान आएको र कार्य गर्न नसकिने भनि म्याद थप माग गरेको भएपनि हालसम्म निर्णय भएको देखिदैन । समयमा काम सम्पन्न नगर्ने र सम्पन्न गर्नुपर्ने मिति नजिक रहेको अवस्थामा काम जटिल काम आइपरेको भनि प्राविधिक पुष्ट्याई वेगर म्याद थप गर्न अनुरोध गर्नु सान्दर्भिक देखिदैन । पालिकाले यस सम्वन्धमा छिटो निर्णय गरी खरिद कानून बमोजिम कार्य सम्पन्न गराउने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>धरौटी<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२३ (४) मा प्रत्येक रनिङ विलबाट ५ प्रतिशत रिटेन्सन रकम कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानिय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रम अन्तर्गत भौचर नं ४-०७९।३।११ बाट रु ५१४०४०। र भौचर नं १०-०७९।३।२४ बाट रु ११३३५८। धरौटी कट्टा गर्नुपर्नेमा सो गरेको नदेखिएकोले धरौटी कट्टा गर्नुपर्दछ ।<table><tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr><tr><td>४७.१</td><td>एएम कन्ष्ट्रकसन</td><td>६२७,३९९</td></tr></table></td><td>६२७,३९९</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>ब्यायभार</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>ठेक्का नं-०३-०७८।७९ः लागत अनुमान रु ५०६०५७७। रहेको लटिनाथ खेल मैदानको रु २३५९३६८। मा जगदम्बा निर्माण सेवाले ५३.७० प्रतिशत घटिमा सम्झौता गरी सम्पन्न गरेको छ । सोही खेलमैदानको सपोर्टवाल निर्माण गर्न कोटेशनबाट ल.ई ९९९८१५। स्वीकृत गरी ९४६९३१ मा शिखर कन्ष्ट्रक्सनबाट कार्य गराएको छ । साथै उक्त खेल मैदानको थप घेराबार कार्यको लागि जगदम्बा निर्माण सेवालाई कोटेशबाट रु ४८२१९३। मा काम सम्पन्न गरेको छ । रु १४८२००८। को एउटै निर्माण कार्यलाई २ वटा टुक्रा नबनाई पहिलो ठेक्कामा समावेश गरेको भएमा ५९.७ प्रतिशतको दरले न्यून हुने रु ७९५८३८। कम व्ययभार पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>लागत अनुमान<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा निर्माण कार्यको रु १ लाख भन्दा बढीको खरिद गर्नुपर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कुने विल विजको भुक्तानी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा उल्लेख छ । पालिकाले देहाय बमोजिमको निर्माण कार्यमा लागत अनुमान तयार नगरी तथा प्राविधिक विल वेगर भुक्तानी गरेको देखियो । यसबाट खरिद कानूनको पालना भएको देखिएन । लागत अनुमान तथा प्राविधिक विल वेगर भएको भुक्तानी नियमसम्मत नदेखिएको रु
<table>
<tr><th>भौचर नं/मिति</th><th>विवरण</th><th>रकम रु</th><th>कैफियत</th></tr>
<tr><td>५१-०७८।१२।२३</td><td>सुल्केखोला लघुजलविद्युत</td><td>200000</td><td>लागत अनुमान प्राविधिक विल</td></tr>
<tr><td>६८-०७९।१।२१</td><td>दहगाड लघु जलविद्युत्त आयोजना</td><td>191969</td><td>लागत अनुमान प्राविधिक विल</td></tr>
<tr><td></td><td>जम्मा</td><td>391969</td><td></td></tr>
</table></td><td>३९१,९६९</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>उपभोक्ता समितिबाट खरिद</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५०.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्यसम्पादनको आधारमा नापी कितावमा उल्लेख भए बमोजिम भुक्तानि दिनुपर्ने व्यवस्था छ । पालिकाले मुरै पर्यटकिय पदमार्गको भुक्तानीमा M10 ग्रेडको पिसिसि गर्ने कार्यको Path 2 मा लागत अनुमान बमोजिम ४८० मिटर लम्वाई रहेकोमा प्राविधिक विलमा ५६० मिटरको लम्वाई राखि ५.७६ घनमिटर विओक्यूको दररेट रु १५६२८।३८ को दरले रु ९००१९। तथा प्राविधिक विलको आइटम नं २ मा stone soiling work ८० मिटरको ११.५२ घनमिटर को रु ३३८९।०८ को दरले रु ३९०४१। सहित जम्मा रु १२९०६०। बढी भुक्तानि भएको छ । बढी भएको भुक्तानी असुल गर्नुपर्ने देखिएको रु | १२९,०६० |
| ५०.२ | | | १ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३९१० मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्मस् अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भएरनभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्मस् अनुसार उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । २ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम ९९० मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । प्राविधिकको सिफारिसको आधारमा मात्र उपभोक्ता समितिलाई हेभि ईक्विपमेण्ट प्रयोग गर्न दिइनु पर्दछ ।<br>३ पालिकाले योजना बनाउदा ठूला र प्रतिफल जन्य योजनामा ध्यान दिनुपर्दछ । यस वर्ष सम्पन्न भएका योजनाहरु अधिकांश १ लाख भन्दा न्यून रहेका छन । यस्ता योजनाहरुको अनुगमन प्रक्रिया, प्राविधिक रेखदेख, प्रतिफल प्राप्त हुने कुरा, रोजगार सृजना हुने तथा काममा विश्वासनियता रहने, प्राविधिक विल उठान, सार्वजनिक सुनुवाई लगायतका सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा भएको व्यवस्थाको परीक्षण | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>तथा यथार्थता एकिन गर्न सकिने अवस्था देखिदैन । यस्ता योजनाहरु अनूसूचि १ मा उल्लेख गरिएको छ । पालिकाले यस सम्वन्धमा गम्भिर भई ठूला प्रतिफल जन्य योजनाहरु तर्जुमा गरी समग्र पालिकाको विकासलाई अगाडी बढाउनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>पेश्की बाँकीः<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा सार्वजनिक निकायले कुनै प्रयोजनको लागि दिइएको पेश्की सो प्रयोजन सम्पन्न भएको मितिले २१ दिन भित्र फछ्र्यौट भै सक्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कामको लागि पेश्कि दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म पेश्की फछ्र्यौट हुन नसकी पेश्की बाकीको विवरण कायम गरेको छ । पेश्की बाकीको विवरण (म.ले.प.फा.नं.२११) अनुसार पेश्की बाकी देखिएको पेश्की फछ्र्यौट हुनु पर्ने रु.
<table>
<tr><th>भौचर नं/मिति</th><th>विवरण</th><th>म्याद रहेको</th><th>म्याद नाघेको</th></tr>
<tr><td>२-०७८।६।२४</td><td>कोजु इन्जिनियरिङ एण्ड विल्डर्स</td><td>१२०००००</td><td></td></tr>
<tr><td>६८-०७८।९।२२</td><td>ए.एम. कन्ष्ट्रक्सन कम्पनी प्रालि</td><td>४६०००००</td><td></td></tr>
<tr><td>१९-०७८।१०।२७</td><td>पुष्पाञ्जली रिटगडे जे भि</td><td>१८०००००</td><td></td></tr>
<tr><td>५६-०७८।१२।२९</td><td>धुलिखेल निर्माण सेवा</td><td>२२२००००</td><td></td></tr>
<tr><td>९१-०७८।८।२७</td><td>सामुदायिक रेडियो लोकदर्पण एफ एम</td><td></td><td>२०००००</td></tr>
</table></td><td>३,०२६,०५५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | ८०-०७९।३।९ — भवानी आवि तोलिमाण्डौ भवन निर्माण — — ५००००० | |
| | | | १५-०७८।४।१ — घट्टेखोला लाम्बगर लघु जल वि.यो — — ४००००० | |
| | | | ८१-०७९।३।१४ — धौलपुर आवि जन्नी गाउँ भवन निर्माण — — ४५०००० | |
| | | | ८२-०७९।३।१६ — दुर्गेश्वरी आवि बार्कु भवन निर्माण यो — — ४००००० | |
| | | | १०९-०७९।३।२५ — कचुलीगाड झो पु उस — — ४५६६८३ | |
| | | | १०९-०७९।३।२५ — घट्टेखोला स्टिल ट्रस उस — — २२२७७२ | |
| | | | ३०९-०७८।१२।१० — साइनिङ एक्सिस कन्सल्टेण्ट प्रालि — — ३९६६०० | |
| | | | — जम्मा — ९८२०००० — ३०२६०५५ | |
| ५२ | | | **खरिद** | २,१४७,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद ऐन, २०६३ को दफा (८२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ । त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा रु ५ लाख सम्एमको सोझै खरिद गर्कन सकिने रु २० लाख भन्दा माथिको आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको सोझै खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले परिवगर जुडे गुल्जर सडक निर्माण कार्य विरुभाई कन्ष्ट्रक्सन प्रालिलाई डोजर प्रयोग गर्ने गरी ब्रेकर २४५ घण्टा रु ४००० प्रति घण्टाको दरले र वकेट ३२० प्रतिघण्टा रु ३०००। का दरले हुने गरी कोटेशनबाट खरिद गरी रु २१४७०००। भुक्तानी गरेको छ । सम्झौता बमोजिम इन्धन पालिकाले नै उपलब्ध गराउने उल्लेख भएपनि कति परिमाणमा इन्धन उपलब्ध गराएको हो सो को विवरण पेश भएको छैन । सार्वजनिक खरिद कानून बमोजिम रु २० लाख भन्दा माथिको कार्य बोलपत्रबाट गर्नुपर्नेमा सो नगरेको देखिएको रु | |
| ५३ | | | **सामाजिक सुरक्षा**<br><br>**सफ्टवेयर प्रणालीः**<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम केन्द्रीकृत सुचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि सिस्टमले काम नगरेको कारणले एक चौमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको समेत पुनः अर्को चौमासिकमा दोहारिएर आउने लगायत समस्या देखिएको छ। केन्द्रीकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउनुपर्ने देखिन्छ।<br><br>**लाभग्राहीको विवरण प्रविष्टि गर्नेः**<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिहहेका लाभग्राहीले चालु वर्षमा समाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्र अशक्त, असहाय वा नब्बे वर्ष माथिका जेष्ठ नारिकको हकमा नियमावलीको नियम ५ को उपनियम (२) बमोजिम संरक्षक वा माथवर व्यक्ति मार्फत वाहेकका नवीकरणको लागि लाभग्राही स्वयम् उपस्थित भई निवेदन गरेकोमा वडा समितिबाट नवीकरण भई आए पश्चात प्रणाली (MIS) मा प्रविष्टि गरी नवीकरण गर्नुपर्ने व्यवस्था छ। यसरी म्याद भित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा गरी निजले पुनः लाभग्राहीमा सूचिकृत हुन चाहेमा ऐनको दफा १२ बमोजिम निवेदन दिई सेवा लिन सक्ने व्यवस्था गरेको छ। यसरी लाभग्राहीको नाम प्रणालीमा अद्यावधिक नगरी भत्ता वितरण भएमा उक्त रकम भुक्तानी | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | खर्च लेख्ने अधिकारी र लेखा राख्ने कर्मचारीबाट दामासाहीले असुल उपर गरिने व्यवस्था सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ५ को उपदफा (३) मा उल्लेख गरेको छ। यस पालिकाले लाभग्राहीको नविकरणको लागि निवेदन वेगर एकमुष्ठ विगतको संख्या वरावर नै नविकरण गरेको छ। यसबाट बसाई सराई गरी गएका, मृत्यु भएकाहरुको लगत कट्टा नगरेकोले उल्लेखित कानुनको पालना भएको छैन। तसर्थ, वढि निकासा भए/नभएको यकिन हुन सकेन।<br>**पारदर्शिता र जवाफदेहिताः**<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक सस्था, गैरसरकारी सस्था, सामाजिक परिचालनमा संलग्न सस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्नेको साथै सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन।<br>**सार्वजनिक सुनुवाईः**<br>स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।<br><br>**अनुगमन -**<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन।<br><br>**भत्ता वितरणः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | यस सम्बन्धी देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नम्बर २२ मा बैङ्कको छनौट गरी सम्झौता गर्दा सम्झौताको शर्तमा बैङ्कले निष्कृय (Dormat) खाताको विवरण प्रतेक साउन र माघ महिना भित्र पालिकालाई दिनुपर्ने, पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैङ्कले १५ दिन भित्र जम्मा गरी प्रत्येक खातामा रकम देखिने विवरण (Reverse Feed) सहित बाँकी रकम भए सो समेत पालिकालाई उपलब्ध गराउने र बैङ्कले लाभग्राहीको खातामा रकम जम्मा गरी सकेपछि पहिलो चौमासिकको मंसिर ७, दोस्रो चौमासिकको चैत्र ७ एवं तेस्रो चौमासिकको असार मसान्त भित्र भत्ता वितरणको विवरण अनुसूची ८ अनुसार बैङ्कबाट प्राप्त गर्नुपर्ने जस्ता व्यहोरा उल्लेख छ। तर, बैङ्कले उल्लेखित निष्कृय खाता, Reverse Feed र भत्ता वितरणको विवरण पालिकालाई उपलब्ध गराएको छैन। तसर्थः सामाजिक सुरक्षा भत्ता सम्बन्धित व्यक्तिलाई तोकिएको दरले वितरण भए/नभएको यकिन गर्न सकिएन। कार्यालयबाट सामाजिक सुरक्षा भत्ता बैङ्क खातामा भुक्तानी निकासा पश्चात मृत्यु भएका लाभग्राहीहरुको बाँचेको अवधिको रकम भुक्तानी गरी रोक्का रहेको रकम यकिन गरी संघीय संचितकोष दाखिला गर्नु पर्ने देखिन्छ।<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ को उपदफा (३) एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट तोकिएको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएमा वा कुनै कारणले भत्ता प्रापत गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा यस वारे पालिकाले कुनै कारवाही गरेको देखिएन। | |
| ५४ | | | **बढी भुक्तानी**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा भुक्तानी दिदा रित पुगे नपुगेको परीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानी गर्दा बढी भुक्तानि देखिएकोले असुल हुनुपर्ने रु | ४४,४१०.९ |

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ५४.१ | गो भौ नं ५२७-०७९/३/१५ | ४४,४१०.९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>वडा अध्यक्ष<br>सुरेन्द्र महता</td><td></td></tr></table></td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>भुक्तानी</td><td></td></tr>
<tr><td>५५.१</td><td>५०८</td><td>२०७९-३-२५</td><td>✂ .......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०७९।१२ ।२४ को निर्णयबाट रु.४३८० ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>५५.२</td><td>५१०</td><td>२०७९-३-२५</td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा विल विजक पुगे नपुगेको परीक्षण गरी दिनुपर्ने व्यवस्था छ । पालिकाले चक्रानन्द जोशीलाई न्यायीक समितिको खर्चको भुक्तानि रु ११४३७०। दिएकोमा विल भरपाईको जोडजम्मा रु ९३३३० मात्र रहेकोले बढी भएको रु २१०४०। असुल गर्नुपर्दछ ।</td><td>२१,०४०</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>सम्परीक्षण तथा अनुगमन<br><br>सम्परीक्षण—स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(२) (घ) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० अनुसार बेरुजू को लगत राख्ने र फछ्र्यौट गरी सम्परीक्षण गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने व्यवस्था छ।नगरपालिकाले बाँकी बेरुजू मध्ये डोर समक्ष सम्परीक्षणको लागि निम्नानुसार रु .पेश गरेकोमा रु. सम्परीक्षण गरी जानकारी दिईएको छ।<br><br>
<table>
<tr><th>आ.व</th><th>दफा</th><th>फछ्र्यौटको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>२०७५।७६</td><td>३३</td><td>लेखा समिति र गाउँ सभावाट नियमित गरेको</td><td>१३०११२०६</td></tr>
<tr><td>२०७५।७६</td><td>३५.१</td><td>प्रमाण पेश</td><td>४०९३४</td></tr>
<tr><td>२०७५।७६</td><td>३६</td><td>लेखा समिति र गाउँ सभावाट नियमित गरेको</td><td>२१३१८८०</td></tr>
<tr><td>२०७५।७६</td><td>३७</td><td>लेखा समिति र गाउँ सभावाट नियमित गरेको</td><td>४८०३६३</td></tr>
<tr><td>२०७५।७६</td><td>३८</td><td>लेखा समिति र गाउँ सभावाट नियमित गरेको</td><td>३७८००००</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २०७५।७६ | ३९ | लेखा समिति र गाउँ सभावाट नियमित गरेको | ४९८५५६ |
| २०७५।७६ | ४० | लेखा समिति र गाउँ सभावाट नियमित गरेको | ५९२१९०० |
| २०७५।७६ | ४३ | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | ५८५३०३ |
| २०७५।७६ | ४७ | लेखा समिति र गाउँ सभावाट नियमित गरेको | १७१२३५ |
| २०७५।७६ | ४९ | प्रमाण पेश | १७९५३०४ |
| २०७५।७६ | ५०.१ | लेखा समिति र गाउँ सभावाट नियमित गरेको | १०००० |
| २०७५।७६ | ५०.१ | लेखा समिति र गाउँ सभावाट नियमित गरेको | १७०५८८ |
| २०७५।७६ | ५०.१ | लेखा समिति र गाउँ सभावाट नियमित गरेको | १२३४४१ |
| २०७५।७६ | ५०.२ | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | ६९४२८ |
| २०७५।७६ | ५०.२ | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | ४०६३० |
| २०७५।७६ | ५०.३ | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | ६५५२२ |
| २०७५।७६ | ५०.४ | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | ४०६३० |
| २०७५।७६ | ५०.५ | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | ४०६३० |
| २०७५।७६ | ५०.७ र ५०.८ | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | ८१२६० |
| २०७५।७६ | ५०.१० र ५०.११ | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | ८१२६० |
| २०७५।७६ | ५०.१२ र ५०.१३ | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | ८१२६० |
| २०७५।७६ | ५० | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | ४३१९२ |
| २०७५।७६ | ५० | पेश्की फछ्र्यौट भएको | ३३०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २०७६।७७ | २ | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | ४४६५८९४ |
| २०७६।७७ | २० | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | ३२८५० |
| २०७६।७७ | २६ | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | २२४०९२ |
| २०७६।७७ | २६ | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | २०४८८ |
| २०७६।७७ | ३४ | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | १५७९५० |
| २०७६।७७ | ३४।१ | असुल | १४२१५ |
| २०७६।७७ | ४८ | असुल | १०७१० |
| २०७६।७७ | ४८ | असुल | १००० |
| २०७६।७७ | ३६ | असुल | १५००० |
| २०७६।७७ | ३६ | असुल | ९००० |
| २०७६।७७ | ३७ | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | ४२१४४७७ |
| २०७६।७७ | ३८ | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | ३११०० |
| २०७६।७७ | ३९ | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | ११८५०० |
| २०७६।७७ | ४० | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | १४७५७८० |
| २०७६।७७ | ४१ | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | ४९७२०० |
| २०७६।७७ | ४२ | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | २५१००० |
| २०७६।७७ | ४२ | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | ४३४१८८ |
| २०७६।७७ | ४२ | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | २९८५४६ |
| २०७६।७७ | ४२ | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | ४९७७६५ |
| २०७६।७७ | ४२ | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | ८८४२०१ |
| २०७६।७७ | ४३ | असुल | ४०२०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २०७६।७७ | ४५ | असुल | ३४८०० |
| २०७६।७७ | ४६ | असुल | ७८०० |
| २०७६।७७ | ४७ | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | ९१२७५० |
| २०७६।७७ | ४९ | असुल | ३१२०० |
| २०७६।७७ | ५१ | असुल | ३७५०० |
| २०७६।७७ | ५२ | असुल | २८९०० |
| २०७६।७७ | ५३ | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | ७६९८६ |
| २०७६।७७ | ५४ | सक्कल विल पेश | ३६२५०० |
| २०७६।७७ | ५५ | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | ५२५०० |
| २०७६।७७ | ५६ | सक्कल विल पेश | ३०२९०० |
| २०७६।७७ | ५७ | असुल | ५५००० |
| २०७६।७७ | ६० | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | ५७०००० |
| २०७६।७७ | ६४,६५ | असुल | ९००० |
| २०७६।७७ | ६६।६ | असुल | २९०० |
| २०७६।७७ | ७२।४ र ७२।५ | प्रमाण पेश | ६००० |
| २०७६।७७ | ७३ | पेश्की फछ्र्यौट | १६९७१३८० |
| २०७६।७७ | ७५ | प्रमाण पेश | १३९०९४२ |
| २०७६।७७ | ७६ | प्रमाण पेश | ५०००० |
| २०७६।७७ | ७६।१ | प्रमाण पेश | १४०० |
| २०७६।७७ | ७६।२ | प्रमाण पेश | १९५६०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २०७६।७७ | ७६ | प्रमाण पेश | ३६६२५ |
| २०७७।७८ | २५ | असुल | ६३८३३१ |
| २०७७।७८ | ३४।२ | असुल | ३५००० |
| २०७७।७८ | ३४।३ | असुल | ८६४०० |
| २०७७।७८ | ३४।३ | असुल | ३९१३५ |
| २०७७।७८ | ३४।३ | असुल | १९२७७ |
| २०७७।७८ | ३४।३ | असुल | १२१५० |
| २०७७।७८ | ३४।३ | असुल | ३१०२१ |
| २०७७।७८ | ३४।३ | असुल | ३३२४४ |
| २०७७।७८ | ३५ | असुल | ११६०० |
| २०७७।७८ | ३५ | असुल | ३८८६ |
| २०७७।७८ | ४४ | असुल | २३०० |
| २०७७।७८ | ४४ | असुल | ११९७८ |
| २०७७।७८ | ४४ | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | ५२४४३ |
| २०७७।७८ | ४४ | असुल | १५५०२ |
| २०७७।७८ | ४५ | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | २५००० |
| २०७७।७८ | ४७ | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | १६६७११० |
| २०७७।७८ | ४८ | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | ४९८८५३ |
| २०७७।७८ | ४८ | प्रमाण पेश र लेखा समिति र गाउँ सभावाट नियमित गरेको | ७८३४९१ |
| २०७७।७८ | ५४ | असुल | २३००० |
| २०७७।७८ | ५५ | असुल | १६०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | |
|---|---|---|---|
| २०७७।७८ | ६० | प्रमाण पेश र लेखा समिति र गाउँ सभाबाट नियमित गरेको | २६९१६६० |
| २०७७।७८ | ६२ | प्रमाण पेश र लेखा समिति र गाउँ सभाबाट नियमित गरेको | ४९८५०० |
| २०७७।७८ | ६४ | प्रमाण पेश र लेखा समिति र गाउँ सभाबाट नियमित गरेको | ४९९७५३ |
| २०७७।७८ | ६५ | प्रमाण पेश र लेखा समिति र गाउँ सभाबाट नियमित गरेको | ९९९१८२ |
| २०७७।७८ | ६६ | प्रमाण पेश र लेखा समिति र गाउँ सभाबाट नियमित गरेको | ४९७८५५ |
| २०७७।७८ | ६८ | प्रमाण पेश र लेखा समिति र गाउँ सभाबाट नियमित गरेको | ४००००० |
| २०७७।७८ | ७१।२ | प्रमाण पेश र लेखा समिति र गाउँ सभाबाट नियमित गरेको | ६५००० |
| | | जम्मा रु. | ७४०६८६३२ |